# साँफेबगर नगरपालिका
# संयूक्त लोकतान्त्रिक गठबन्धनको
# तर्फबाट स्थानीय स्तरको प्रतिवद्धता-पत्र

## स्थानीय तह निर्वाचन-२०७९

*नेपाली कांग्रेस,  नेकपा एकीकृत समाजवादी र*
*नेकपा (माओवादी केन्द्र) गठबन्धनका*
*उम्मेदवारहरुलाई अत्याधिक बहुमतले विजय गराऔं ।*

# लोकतान्त्रिक गठबन्धनको प्रतिवद्धता पत्र

## साँफेबगर नगरपालिका अछाम

जननेता बीपी कोईरलाको बिचार र संस्कारको जगमा समुन्नत नेपालका लागी समर्पित एक अठोट अभियान र आन्दोलनले राष्ट्रियता, लोकतन्त्र, र समाजवादका लागी सात दशक देखी निरंतर समर्पित नेपाली कांग्रेसको गौरवमय ईतिहास। जिम्मेवार, वर्तमान ॥ र उज्यालो भविष्यका हिमायती नेपाली कांग्रेस तथा एकता, स्वहार्दता, साम्ज्यसता, आपसी मेलमेलापका साथ २०७९ साल बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा साँफेबगर नगरपालिकामा भएको लोकतान्त्रिक गठबन्धन दलका आदरणीय अमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरुलाई स्थानीय तहको निर्वाचनमा अनुशासित, भई सभ्य,भव्य धाँदली रहित तथा भए मुक्त तरिकाले मतदान गर्न हुन सादर अनुरोध गर्दछु साथै आफ्नो अमुल्य मतदान लाई व्यवस्थित गर्नुहुने कुरामा पनि विश्वासका साथ शुभकामना व्यक्त गर्दछौं ॥

आदरणीय महानुभावहरु आज हामी राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजबादलाई सर्वोपरी ठानी देश विकासको महत्वपूर्ण विषय, शान्ती सु-व्यवस्था अमनचयनलाई सधैं अविछिन्न राख्न तथा नेपाल र नेपाली जनताको हितमा काम गर्न स्थानीय तहको निर्वाचनको लागि तयारी भएका छौं । आगामी २०७९ साल बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा लोकतान्त्रिक गठबन्धन दल नेपाली कांग्रेस, नेपाल कम्नियूष्ट पार्टी (एकिकृत समाजवादी) र नेपाल कम्नियूष्ट पार्टी (एकिकृत माओवादी) का सम्पूर्ण उम्मेद्वारलाई अत्याधिक बहुमतले विजयी गराउनका लागी अपिल गर्दछु । व्यक्ति होईन पार्टीको जितको लागी हाम्रा आवाज बुलन्द गर्नु र विजयी उम्मेद्वार लाई समाज विकासको महत्त्वको बारेमा जानकारी गराई सु-शासन कायम गराउन र जनतालाई जनप्रतिनीधि बाटको अपेक्षाका बारेमा सु-सूचित गर्न वकालत, पैरवी गर्न र समझदारीको बाटो तिर उन्मुख गराउनु पर्ने कुरामा केन्द्रीत रहनु पर्ने कुराको जानकारी गराउन चाहन्छौं ।

*आदरणीय महानुभावहरु,*

नेपाली कांग्रेस र लोकतान्त्रिक गठबन्धनको अगुवाईमा जहिले पनि जनहितकारी कार्य गरेको ईतिहास, विभिन्न काल खण्डमा नेपाल र नेपाली प्रति देखाएको सदभाव, भाईचाराको सम्बन्ध, राष्ट्र, राष्ट्र हितका लागी लडेका लडाई जनताका छोराछोरीले सञ्चालन गर्ने राज्य सत्ता, जनताका छोराछोरीले जहिले पनि दास नभई मालिक बनाउने सम्मका संघर्ष गरेको ईतिहास हाम्रो सामु साँक्षी छ ।

जहानीया राणाशासन, पञ्चयाति व्यवस्था, राजतन्त्रको अन्त्य १० वर्षे जनयुद्धलाई मुलधारमा ल्याई संविधान निर्माण तथा गाँउ-गाउँमा सिंहदरबार अवधारणा ल्याउन विभिन्न तहका निर्वाचन गराई समुन्नत नेपाल बनाउने अभियानमा नेपाली कांग्रेस र लोकतान्त्रिक गठबन्धनका दल तथा दलका

नेताहरु जहिले पनि अग्रपंतिमा रहनुभयो ।
विभिन्न विकासका योजना/आयोजना र मेलिनियम चेलेन्च कपेरिशन एम.सि.सि. र अन्य सन्धी सम्झौता, देश र जनताको लागी विकासका गतिविधिको विषयमा गरेका राम्रा कामहरुको उच्च मूल्याकन गर्दै आसन्न स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस र लोकतान्त्रिक गठबन्धनका साँझेदार दलहरु नेपाल कम्नियूष्ट पार्टी (एकिकृता समाजवादी) र नेपाल कम्नियूष्ट पार्टी (एकिकृत माओवादी) को पक्षमा पारी विजयी गराउन रणनीति तयार गर्ने उचित न्यायपूर्ण र विवेकशिल व्यवहार, रचनात्मक सोच, कुटनैतिक उपाय प्रभावकारी सञ्चार, प्रशासनिक तथा आर्थिक व्यवस्थापन, व्यवस्थापकीय क्षमतामा बृद्धी, मतदातालाई मतदाता साक्षरता र उत्प्रेरण जगाउने बहस, सामाजिक, शैक्षिक तथा बौद्धिकता र भावनात्मक सम्बन्धको विकास, निर्वाचन आचारसहिंता तथा अन्य नीति नियमको अध्ययन तथा पालनाका लागी अनुरोध गर्दै बफादार, ईमान्दार, र समाजवाद प्रति प्रेरित रहन आम महानुभाव ज्युहरुलाई अनुरोध गरिन्छ र आर्थिक उन्नती समाजिक समृद्वि शैक्षिक विकासका साथै तपशिल कुराहरुलाई मध्यनजर गर्दै नेपाली कांग्रेस र लोकतान्त्रिक गठबन्धनका साँझेदार दलहरु नेपाल कम्नियूष्ट पार्टी (एकिकृत समाजवादी) र नेपाल कम्नियूष्ट पार्टी (एकिकृत माओवादी) का तर्फबाट यो प्रतिवद्धता पत्र सार्वजजिक गरिएको छ ।

## स्वास्थ्य तथा सरसफाई

- ज्येष्ठ नागरीक, महिला, बालबालिका केन्द्रित आँखा शिविर, क्यान्सर लगायतका जटिल र असाध्य रोगहरु नियन्त्रणका लागि वरिष्ठ चिकित्सकको उपस्थितीमा बयलपाटा अस्पतालमा निःशुल्क शिविरहरु सञ्चालन गरिनेछ ।
- रगतमा सुगरको, ग्लुकोजको मात्रा तथा पिसाबमा एल्बुमिन र चिनीको मात्रा समयमै थाहा पाउन र मृगौला बिग्रन नदिन ४० वर्षभन्दा माथिका नागरिकहरुको निःशुल्क, नियमित रुपमा रगत र पिसाब परिक्षणको व्यवस्था गर्ने । यी लयायतका सुविधाहरु संचालन गर्न प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा संचालन गरिनेछ ।
- जटिल विरामीहरु तथा विपन्न नागरीकलाई उपचार खर्चमा सहयोग र विपन्न नागरीकको स्वास्थ्य वीमामा सहयोग पुर्याईनेछ ।
- सामुदायिक माध्यमिक विद्यालयहरुमा क्रमशः विधालय नर्सको दरबन्दी सिर्जना गरी सेवा पुर्याइनेछ र आवश्यक ठाउँमा स्वास्थ्य सेवा केन्द्रहरुको विस्तार र स्तरोन्नती गरिनेछ ।
- प्राकृतिक चिकित्सा, आयुर्वेद र परम्परागत पद्धतीबाट उपचार गर्न पालिकामा नागरिक आरोग्य कार्यक्रम सञ्चालन र प्राकृतिक चिकित्सा सेवा केन्द्रको स्थापना गर्ने ।
- पालिका एम्बुलेन्स सेवा अर्न्तगत सबै वडाहरुमा सहज रुपमा एम्बुलेन्सको सेवा पुर्याइनेछ ।

♦ विपद तथा महामारी बाजा बजाएर आउदैन। त्यसकारण विपद र महामारीबाट जोगीन विपद प्रतिकार्य योजना तयार गरी विपद व्यवस्थापन कोषलाई सुदृढ तुल्याई उद्दार, राहत, पुर्नस्थापना लगायतका कार्यहरुलाई प्रभावकारी रुपमा संचालन गर्ने ।

♦ भारत , चिन,युरोप,अमेरीका, जापान र सिगांपुर जस्ता देशका नगरपालिका संग साझेदारी तथा अनुभव आदान प्रदानका लागी भगिनी सम्बन्ध प्रारम्भ गर्ने र बयालपाटा अस्पताललाई थप सुविधा सम्पन्न, अत्याधुनिक, विषेशज्ञ चिकित्सक सहितको सेवा दिने अस्पतालको रुपमा विकास गरिनेछ । अस्पताललाई थप सुविधा सम्पन्न बनाई यसको स्थायित्व, सञ्चालनका लागी केन्द्रीय सरकार र प्रदेश सरकारसंग समन्वय तथा पहल गरि भरपर्दो र स्थाई रुपमा सञ्चालन गर्ने ।

♦ साँफेबगर बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न निर्माण गरिएको गुरुयोजना अनुसार यसका सरोकारवाला पक्षसंग नियमित सम्पर्क, समन्वय गरी व्यवस्थित योजनाका साथ सुन्दर र सफा साॅफेबगर: व्यवस्थित हरित शहर योजना अगाडी बढाईनेछ । फोहोरमैला घरबाटै निकाल्दा कुहिने, पुनः प्रयोग गर्न मिल्ने र पुनः प्रयोग गर्न नमिल्ने गरि जम्मा गरि ''फोहरबाट मोहर'' योजना प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

♦ प्रत्येक सार्वजनिक स्थलहरु साँफेबगर एर्यरपोट बजार, हाट बजार, बुढाबगर, बयलपाटा, श्रीकोट, पिपलतोला ,ताँसी र बयालपाटामा सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।

## कृषि तथा पशुपालन

♦ कृषि तथा पशुजन्य व्यवसायलाई व्यवसायीकरण र आधुनिकिकरण गर्दै बाँझो तर खेतीयोग्य जमिनलाई नगदे वाली तर्फ उन्मुख गर्न सहयोग पुर्याइनेछ।

♦ "पालिकाकै डेरीः स्वाद फेरीफेरी" कार्यक्रम अर्न्तगत यस पालिकामा दुग्ध डेरी संचालन गरी कृषकबाट उत्पादित दुधको बजार व्यवस्थित गरिनेछ ।

♦ "साँफेबगरको समृद्धिः कृषि उत्पादनमा बृद्धि" भन्ने मुल नारालाई आत्मसाथ गरी एक गाउँ एक उत्पादनलाई जोड दिई प्रत्येक गाउँको कृषि उपजको पहिचान गर्दै किसानको उत्पादन नगरपालिकाले सहज संकलन गर्ने व्यवस्था गर्ने र जनताको आर्थिक क्षमता बढाईनेछ ।

♦ कृषिजन्य उत्पादनको बजारीकरणमा सहजताका लागी कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

♦ "हरेक जन जनमा नगर" भन्ने कुरालाई आत्मसाथ राखी व्यवहारिक रुपमा कार्यान्वयन गर्न नगरपालिकाले संकलन गरेको तथ्यांक अनुसार भूमिहिन किसान तथा दलित वर्ग र आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गलाई खाद्य तथा पोषणको पहुंच विस्तार गरिनेछ। खाध असुरक्षैंको जोखिममा रहेका व्यक्ति, परिवार र समुदायलाई जिविकोपार्जन सीप सिकाई तथा खाधान्न उपलब्ध गराई भोकमरी अन्त गरिनेछ ।

- कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी श्रृजना गर्ने र आम्दानी बृद्दि गरिनेछ ।
- कृषि पेशालाई सम्मानित र आकर्षक बनाउन किसान विकास कोष कार्यक्रम संचालन गरि व्यवसायिक किसानलाई किसान परिचयपत्र वितरण गरेर आम किसानको संरक्षणका कार्यक्रमहरु संचालन गर्ने । प्रत्येक वर्ष नगरका १४ वटै वडाबाट उत्कृट कर्मशील कृषक छनौट गरी उत्कृष्ट कर्मशील कृषक पुरस्कार प्रदान गरिनेछ ।
- मलको उपलब्धतामा सहजिकरण, वीउ विजनमा अनुदान, उत्पादनलाई बजारसम्म पुर्याउने कृषि एम्बुलेन्स सेवा लगायतका कार्यमा सहयोग पुर्याइनेछ।
- नगरका १४ वटै वडाका खेतीयोग्य जमिनमा सिचाई कुलो तथा अन्यपोखरी निर्माण तथा लिफ्टको माध्यमबाट प्राथमिकताका आधारमा क्रमशः सिचाईको सुविधाको उचित प्रबन्ध गरिनेछ ।
- नरपालिकाको भौगोलीक अवस्थालाई अध्ययन गरी विभिन्न जातका माछा पालन व्यवसायलाई प्रवद्वन गर्ने ।
- माछा मासु तथा फुल अण्डाको अभावलाई परिपूर्ति गर्न कृषकहरुलाई व्यवसायिक बनाउन अनुदानको ब्याबस्था गर्ने । साथै नगरलाई माछा मासु, अण्डा तथा दुग्ध जन्य बस्तुमा आत्म निर्भर गर्न पहल गर्ने ।
- जैविक तथा परंपरागत पोषणले भरिपूर्ण तर हेला गरिएका बाली कोदो, फापर, उआ,आलु, पिडालु, कागुनु झुम्रो जुवारो, नेपाले तिल र दलहन बालीको प्रर्वद्वन गर्न प्रोत्साहन गर्ने ।
- ''कृषि बाली तथा पशु बिमाः आधा फ्रिमा" कार्यकम अर्न्तगत कृषकहरुको उत्पादनमा आकस्मिक क्षतिबाट जोगाउन कृषि बाली तथा पशु चौपायाको बिमा कार्यक्रम प्रभावकारी ढंगले संचालन गरिनेछ ।
- पालिकास्तरमा कृषि तथा पशु विज्ञान पढाई हुने विद्यालयबाट तथा पालिकाका कृषि तथा पशु प्राविधिकबाट कृषकहरुलाई निःशुल्क प्राविधिक सल्लाह प्रदान गरिने र व्यवसायिक खेतीबारे तालिम प्रदान गरिनेछ ।
- पशु पन्छि पालन लाई प्रोत्साहन गर्न नगरबाट नगद सहयोग र मेसिन तथा औजार, घरगोठ निर्माण गर्न अनुदान सहयोग गर्ने ।

## शिक्षा तथा खेलकुद

- प्रारम्भिक बाल कक्षामा निधारित मापदण्ड अनुरुप बसाई व्यवस्था र सरसफाइलाई ध्यान दिई "खेल्दै सिक्दै" कार्यकम अर्न्तगत खेल सामग्री, सिकाई सामग्री, मनोरञ्जनका सामग्री, अडियोक भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।
- प्रत्येक बिद्यालयमा शिक्षाको गुणस्तरको लागी सि.सि. क्यामेरा, ईन्टरनेट र बायोमेट्रिक (औंठा) हाजिरीको व्यवस्था गरिनेछ ।
- प्रत्येक वर्ष सामुदायिक विधालयबाट एस.ई.ई. उत्तिर्ण गरेका उत्कृष्ट छात्रछात्रालाई नगद पुरस्कार प्रदान गर्ने ।

- छात्राहरुको लागी विद्यालयमा नै गुणस्तरीय डिस्पोजल सहितको निःशुल्क सेनेटरी प्याडको व्यवस्था गरिनेछ ।
- पालिकास्तरमा एउटा बहु प्राविधिक शिक्षालयका लागी पहल गरिनेछ ।
- गरिव तथा न्यून आय भएका विधार्थीहरुका लागी छात्रवृतिको व्यवस्था गर्ने।
- टुहुरा बालबालिकाहरुलाई शिक्षाको अधिकारबाट बन्चित हुन नदिन उनीहरुको शिक्षा र पालन पोषण नगरपालिकाले गर्नेछ ।
- परम्परागत कला, संस्कृति, इतिहास, योग, आयुर्वेद जस्ता शिक्षालाई बनाएको स्थानीय पाठयकम अनुसार आधारभुत तहमा लागु गरिनेछ ।
- शैक्षिक विकासका लागी सामुदायिक विधालयमै शिशु कक्षादेखी नै अंग्रेजी र प्रविधीको माध्यमबाट अध्यापन क्रमशः सुरु गरिनेछ ।
- कमजोर विधार्थीहरुका लागी थप अतिरिक्त कक्षाहरु सञ्चालन गरिनेछ ।
- प्रतिस्पर्धात्मक परिक्षाहरु (लोक सेवा आयोग, शिक्षक सेवा आयोग आदी) को निःशुल्क तयारी कक्षाहरु संचालन गराईनेछ ।
- नगरपालिकामा रहेका सामुदायिक विद्यालयबाट SEE पास गर्ने उत्कृष्ट विद्यार्थी मध्य बाट एउटा छात्र एउटा छात्रा गरि २ जना जेहेन्दर विद्यार्थीलाई ५०% अनुदानमा डाक्टर तथा ईन्जिनियर अध्ययन गर्न नगरपालिकाले व्यवस्था गर्ने ।
- सबै विधालयहरुमा Smart Library, Computer Lab, बालमैत्री र अपांगमैत्री संरचना र सबै उपकरण सहितको विज्ञान प्रयोगशालाको निर्माण तथा विस्तार गरिनेछ ।
- शिक्षण सिकाईमा टेवा पुग्ने खालका विशेषतः अंग्रेजी, विज्ञान, गणित र प्राविधिक विषयमा डिजिटल सामग्रीहरु विकास गरी प्रयोगमा ल्याईनेछ ।
- सबै विधालयको पाठयकम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवं आर्थिक व्यस्थापन लगायतका विषयमा नियमन गरिनेछ । निजी विधालयको प्रभावकारीताका लागी नगर शिक्षा ऐन अनुसार शैक्षिक संस्थालाई सेवामुलक बनाईनेछ ।
- प्रत्येक वर्ष निश्चित मापदण्ड बनाई नगरपालिका भित्रका शिक्षकहरुमध्ये उत्कृष्ठ शिक्षक छनौट गरी पुरस्कृत गरिनेछ ।
- विधालय अभिभावक सम्बन्ध विस्तार गर्न मासिक टोलभेला कार्यकम संचालन गरिनेछ ।
- खेलकुदमा लगानी बढाउनु भनेको स्वास्थ्यमा लगानी घटाउनु हो भन्ने कुरालाई आत्मसाथ रास्दै भलिबल, किकेट, फुटबल लगायतका खेलहरुमा लगानी बढाउने, र प्रतियोगिताहरु संचालन गर्ने ।
- खेलाडीहरुलाई सम्मान गर्ने, उनीहरुमा लगानी गर्ने र राष्ट्रिय स्तरका खेलाडीहरु ल्याएर प्रशिक्षण दिने कार्य गर्ने । महिलालाई खेलकुदमा उत्प्रेरित हुने किसिमका कार्यक्रम सञ्चालन गर्ने ।
- वडास्तर तथा नगरपालिका स्तरका खेलकुद मैदानको स्तरोन्नती गरि खेलकुद विकासका कार्य संचालन गरि सांफेबगरलाई खेल पर्यटन हबको

रुपमा विकास गर्ने । साथै साफेबगर नगपालीकाले आयोजना गर्दै आईरहेको मेयरकप तथा उप मेयरकप लाई निरन्तरता दिईने छ ।

- प्रत्येक वडामा सम्भावना हेरी पार्क उद्यान तथा विश्राम स्थल प्रतिक्षालयको निर्माण गर्ने ।
- विद्यालय सुधार योजना अर्न्तगत विषयगत शिक्षकको अभावलाई पूर्ति गर्ने गरि दरबन्दीको व्यवस्था र दरबन्दीको अभाव भएका विद्यालयमा स्नातक तह उतीर्ण गरेका योग्य युवालाई प्रोत्साहित गरि स्वंमसेवक शिक्षकको रुपमा परिचालन गर्न पहल गरिनेछ ।
- प्रत्येक माध्यामिक बिद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्था गरिने छ ।
- वडासेन क्रिकेट मैदानलाई राष्ट्रिय स्तरको खेल मैदानको रुपमा विकास गर्ने ।
- मुस्लिम समुदायका छात्रछात्राहरुलाई पठन-पाठन सहजताका लागी मदरालाई स्तरोन्नती गरिनेछ ।
- फरक क्षमता भएका बालबालीकाको पठन पाठनको लागी उचित ब्यबस्था गरिने छ ।

## पर्यटन

- बैजनाथ, जिमराडी क्षेत्र, कालालेकी, नैनी, खप्तड आदिमा धार्मिक क्षेत्रमा नगर पर्यटन पांच वर्षीय गुरुयोजना अनुसार पर्यटनको विकास गरि पूर्वाधार विकास र संरक्षणका कार्यहरु गरिनेछ ।
- प्राचिन महत्वका स्थल तथा अन्य पुरातत्वसंग सम्बन्धित स्थानमा ठाँउहरुको संरक्षण र विकासका कार्यहरु संचालन गरिनेछ ।
- नगरपालिकामा पर्यटकीय सम्भावनाहरुको पहिचान गरी पर्यटन सम्बन्धि गतिवीधि बढाउन अत्याधुनिक पार्कको निर्माण गरिनेछ ।
- स्थानीय तहमा रहेका धौलछडा आदिजस्ता झरना, गुफा, ताल आदीको पहिचान र संरक्षँण गरी पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ ।
- पर्यटनलाई स्थानीय मेलापर्व, जात्रा, संस्कृति, सभ्यता र सम्पदासंग तथा स्थानीय बासिन्दाको जीवनयापन संग जोडने कार्यक्रमहरु ल्याईनेछ ।
- खप्तड, रामारोशन र बडिमालिका, कर्णाली नदी बुडीगंगालाई प्रयटकको आर्कषण गन्तब्य का लागी होटल, बाटो, र खानेपानीको ब्यबस्था गर्ने ।

## पूर्वाधार विकास

- पालिकाका सबै वडा कार्यालयहरु जोडने सडक सञ्जाललाई स्तरोन्नती र ग्राभेल र पक्की सडक निर्माण गर्ने ।
- आवश्यकताका आधारमा सडकका नया ट्रयाक खोल्ने र सबै सडकहरुको स्तरोन्नती गरि बाहै महिना संचालन गर्न सकिने बनाईनेछ ।
- प्रत्येक वडा कार्यालयहरु र स्वास्थ्य चौकीको सुविधासन्पन्न भवन तयार गरि सेवा विस्तार गरिनेछ ।

- जग्गाधनी पुर्जाविहिन घरपरिवारलाई पुर्जाको प्रबन्ध, दर्ता छुट भएको जमिनको दर्ता प्रकियाका लागी पहल र भूमिहिन तथा अव्यवस्थित बसोबास व्यवस्थापन गरिनेछ ।
- नगरका जनतालाई यातायातको सहज सुविधा दिन छिमेकी पालिकाहरुसंग समन्वय गरि नगर बस सेवा संचालन गरिनेछ ।
- सांफेबगर, बयलपाटा, रिडिकोट भाग्यश्वर, चण्डीकार अन्य स्थानमा पानीका मुलको संरक्षण तथा व्यवस्थापन गरी नगरका सम्पूर्ण जनतामा स्वच्छ खानेपानीको सहज आपूर्ती गरिनेछ ।
- नगर गौरवका आयोजनाहरु छनौट गरि संचालन गरिनेछ ।
- यस नगरलाई २ वर्षभित्र खरको छानामुक्त नगरपालिका बनाईनेछ ।

## वन, वातावरण र विपद व्यवस्थापन

- वर्षेनी बुढीगंगा नदीको कटानमा परेको र उच्च जोखिममा रहेको साँफेबगर लगायत अन्य कटानका क्षेत्रमा दीर्घकालीन कटान रोकथामका कार्यहरु र नदी नियन्त्रणका कार्यहरु संचालन गर्ने ।
- स्थानीय सडक निर्माण गर्दा वातावरणीय स्वच्छता कायम गर्ने तथा प्राकृतिक प्रकोप नआउने गरी पूर्वअध्ययन सहित मात्र सडक सञ्जाल विस्तार गर्ने ।
- वातावरणीय हिसाबले जोखिमयुक्त स्थानहरुको पहिचान गरि बाढी, पहिरो नियन्त्रण र तटबन्धनका कार्यहरु संचालन गर्ने ।
- वन क्षेत्रको संरक्षण गर्ने । नांगा डाँडामा आर्थिक लाभ दिने वनस्पती सहित वृक्षरोपण गरी आर्थिक क्षेत्रको विस्तार गर्ने ।

## सुशासन र सेवाप्रवाह

- साँफेबगर नगरपालिकाको पञ्चवर्षिय योजना तयार गरि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनालाई समयानुकुल तयार गरी कार्यान्वयन गरिनेछ ।
- सुशासनको पाटोः सुचना प्रविधीयुक्त नगर अबको बाटो भन्ने योजनाका साथ विधुतीय सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गरी सुशासनयुक्त स्मार्ट पालिकाको रुपमा विकसित गर्ने । बजारक्षेत्रका महत्वपूर्ण स्थानमा सिसिटिभी जडान गर्ने ।
- राजश्वको दायरा फराकिलो गरी आन्तरिक आय बढाउने, सार्वजनिक नीजि साझेदारीमा तथा सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत साँफेबगरको समृद्दिमा टेवा पुग्ने तवरका कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक वर्ष नगरभित्र काम गर्ने कर्मचारीहरुमध्ये कार्यसम्पादनका आधारमा उत्कृष्ट काम गर्ने २ जना कर्मचारीहरुलाई पुरस्कृत र सम्मान गरिनेछ ।
- भ्रष्ट्रचार विरुद्ध शुन्य सहनशीलताको नीति मार्फत सार्वजनिक प्रशासनमा सदाचारिता कायम गरिनेछ ।

- सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो, सुशासनयुक्त र प्रविधिमैत्री बनाईनेछ। सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतीलाई संस्थागत गरिनेछ । नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।
- नागरिकबाट सार्वजनिका कार्यको मूल्याकन अर्न्तगत नगरमा संचालित सम्पूर्ण योजनाको अनिवार्य सार्वजनिक लेखा परिक्षण गरिनेछ । नगरको सार्वजनिक सेवा प्रवाहबारे प्रत्येक ४ महिनामा सार्वजनिक सुनुवाई गरिनेछ।
- प्रत्येक टोलमा ईन्टरनेटको सुविधा पुर्याउने, सार्वजनिक स्थलमा निःशुल्क वाईफाईको व्यवस्था गरिनेछ ।

## सामाजिक न्याय र समावेशीकरण

- जातिय रुपमा पछाडी पारिएको दलित समुदायको उत्थान तथा आर्थिक, सामाजिक, राजनीतिक सुधारका लागी दलितसूग स्थानीय सरकार कार्यक्रम संचालन गर्ने ।
- स्वास्थ्य बिमामा तिर्नुपर्ने न्यूनतम रकम अति विपन्न दलित समुदायका परिवारका लागी निःशुल्क गरिनेछ ।
- दलित समुदायका परम्परागत सीपको संरक्षण, प्रवर्द्धन र रोजगारी सृजना गर्ने, परम्परागत सीपको तालिम सञ्चालन गर्ने र व्यवसायका लागि सहुलियत ऋण तथा अनुदानको व्यवस्था गरिनेछ ।
- जातीय छुवाछुत तथा विभेद, महिला तथा लैंगिक हिंसा लाई सामाजिक अपराधको रुपमा लिंदै शुन्य सहनशीलताको नीति अबलम्बन गर्ने, कानूनको कार्यान्वयन र आवश्यक परिमार्जनका लागि पहल गरिनेछ ।
- छाउपडी कु-प्रथा लगायत सामाजिक कुरित र कुसंस्कार विकृति र विभेद विरुद्ध संगठित अभियान सञ्चालन गरी छाउपडी कुप्रथा मुक्त पालिका बनाउने।
- गरिबी परिचय पत्र प्राप्त ब्याक्तिलाई बिबिध ढंगले सहयोग गरिनेछ ।
- सविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्दै अपाधता भएका व्यक्तिहरूलाई नगरका सबै सार्वजनिक सेवा, स्थान तथा अन्य सुविधाहरूमा विशेष व्यवस्था सहित प्रतिनिधित्व र पहूच सुनिश्चित गरिनेछ । सार्वजनिक कार्यालयहरु अपांगमैत्री बनाईनेछ ।
- अपाधता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामाग्री तथा उपकरणहरु स्थानीय तहमै निःशुल्क उपलब्ध गराइनेछ ।
- अपाधता भएका बालबालिकाको शिक्षाको पहुंच सुनिश्चित गरिनेछ। स्थानीय तहमै सार्वजनिक तथा संस्थागत विद्यालयहरुमा समावेशी शिक्षा नीति अनुरुप छात्रवृत्ति सहितको निःशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ ।
- नगरस्तरिय बाल प्रतिभा प्रोत्साहन पुरस्कारको स्थापना गरिनेछ ।
- ग र घ अपांगता भएका ब्याक्तिलाई नगर बाट आर्थिक सहयोग गरिने छ ।
- नगर साक्षर छोरी कार्यकम अर्न्तगत उच्च शिक्षाका लागी गरिब तथा जेहेन्दार छोरीहरुलाई छात्रवृत्ति प्रदान गर्ने ।
- आगामी ३ वर्षमा पालिकालाई बालमैत्री स्थानीय शासनका सम्पूर्ण सूचक

पुरा गरेर बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गरिनेछ ।

- योजना तर्जुमा देखि कार्यान्वयन तहसम्मका बालबालिकाको हितअनुकुल बनाउने सुनिश्चित गर्ने ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल र अन्तर्क्रिया संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकले समाजको लागी पुऱ्याउनुभएको योगदानको आधारमा सम्मान र आदर गरिनेछ । नीति निर्माणमा सहभागिता र स्रोत साधनमा पहुंच बढाई अपनत्व वृद्धि गरिनेछ ।
- आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा पछाडी पारिएका वर्ग, क्षेत्र, समुदायहरुका उत्थानका लागी विशेष कार्यक्रमहरु संचालन गर्ने ।
- जेष्ठ नागरिक देश दर्शन कार्यक्रम संचालन गरिनेछ ।

## उद्योग तथा रोजगारी

- स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन र सीपको सम्भाव्यता र बजार मागको आधारमा लघु, घरेलु तथा साना उधोगको प्रवद्धन र विकास गरिनेछ।
- सीपमुलक तालिम तथा आयआर्जनका कार्यक्रमहरु कार्यक्रमहरु गरि रोजगारमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- पालिकास्तरमा एउटा स्रोत साधन युक्त उद्यम विकास केन्द्र र एउटा औधोगिक ग्रामको स्थापना र सञ्चालन गरिनेछ ।

## अन्य

- विजुली नपुगेका स्थानिय समुदायका टोलमा विजुलीको पहुँच विस्तार गर्ने । साथै विपन्न तथा आर्थिक अवस्था कमजोर भएका परिवारलाई निःशुल्क मिटर बितरण गरिनेछ ।
- नगरपालिका भित्र रहेका साना जलविद्युत आयोजनालाई संरक्षण तथा प्रर्वद्धन गरिनेछ ।
- नेपाल टेलिकमसंग समन्वय गरि मोवाईल नेटवर्कको पहुँच नभएको ठाउँमा क्षमता विस्तार तथा स्तरोन्नती गरिने छ ।
- आर्थिक तथा पर्यटन प्रर्बद्धन तथा सांफेबगरको बिकासका लागी बुढिगंगा जलविद्युत आयोजना, सेती राजमार्ग, नँया शहर आयोजना मध्य पहाडी लोकमार्ग, जस्ता योजनालाई बृहत रुपमा लागु गर्न संघ, प्रदेश सरकारसंग निरन्तर सम्पर्क समन्वय गरी कार्यान्वन गराउन पहल गर्ने ।
- बुढा बगर देखी चित्रे बुढीगंगा नदि नियन्त्रण, छिपेखोला, जिजाडी गाड, प्रभाली गाड, लुंग्रेली र अन्य खोलाले गर्ने नदी कटानलाई रोकथाम गर्न बृहत योजना गागु गर्न प्रदेस, संघिय सरकार संग सम्पर्क समन्वय गरी लागु गर्ने।
- साँफेबगर नगरपालीकाले गर्दै आईरहेका, सुनौलो हजार दिनका आमाहरु लक्षित कार्यक्रमलाई थप व्यवस्थित गरि निरन्तरता दिईने छ ।
- सामाजिक सुरक्षा भत्ता लिईरहेका दुर्गम बस्ती तथा असशक्त लाभग्राहीलाई बैंकसंग सहकार्य गरि सम्बन्धित टोलमै गएर वितरण गर्ने व्यवस्था गरिने छ।

*लोकतान्त्रीक गठबन्धन जिन्दावाद ॥*